नेपाल सरकार
अर्थ मन्त्रालय
# महालेखा नियन्त्रक कार्यालय
# Financial Comptroller General Office

**(कोष व्यवस्थापन तथा प्रणाली विकास शाखा)**

पत्र संख्याः २०७७/७८/४.१ मितिः २०७७।१२।०१।
चलानी नं.:१९९

**विषयः-स्थानीय तहहरुको खाता व्यवस्थापन सम्बन्धमा ।**

श्री कोष तथा लेखा नियन्त्रक कार्यालय,सबै

प्रस्तुत विषयमा स्थानीय तहहरुको लागि खोलीने ग समुहहरुको खाता व्यवस्थापन सम्बन्धमा तपशिल बमोजिम गर्नु गराउनु हुन यस कार्यालयको मिति २०७७/१२/०१ को निर्णय अनुसार अनुरोध छ ।

तपशिल

१.स्थानीय तहहरुको ग समुहको खाता संचालन गर्दा संचित कोष लगायतका सम्पुर्ण खाताहरु एउटा मात्र बैंकमा हुनुपर्नेमा कतिपय स्थानीय तहहरुको खाता एकभन्दा बढी बैंकमा खोलिएको हुँदा पछिल्लो पटक सहमती प्रदान भएको बैंकमा मात्र खाता संचालन हुने गरी साविकको बैंकमा भएका खाताहरु बन्द गर्ने व्यवस्था मिलाउने ।

२.स्थानीय तहहरुले समुहको खाताहरुको माध्यमबाट मात्र खाता संचालन गरि कारोवार गर्नुपर्नेमा सहकारी संस्थाहरुमा समेत खाताखोली ग समुहको खाताबाट एकमुष्ट रुपमा सहकारीको खातामा रकम जम्मा गरी सो मार्फत कारोवार गरिरहेकोले यसरी सहकारी मार्फत कारोवार भएको भए बन्द गर्ने व्यवस्था मिलाउने ।

३.स्थानीय तहहरुले ग समुहको खाताहरु संचालन गर्दा ग समुहहरुको खाताबाट IPS मार्फत रकम ट्रान्सफर समेत गर्ने गरेकोले IPS मार्फत रकम ट्रान्सफर गरि कारोवार गर्न बन्द गराउने ।

४.स्थानीय तहहरुले हाल खाता संचालन भईरहेको बैंक परिवर्तन गरि नयाँ बैंकमा खाता संचालन गर्नुपर्दा नयाँ बैंकमा स्थानीय तहको खाता संचालन गरी साविकको बैंकमा रहेका खाताहरुबाट रकम सम्बन्धित खातामा ट्रान्सफर गर्न लगाई साविकको बैंकका सम्पुर्ण बैंकखाताहरु बन्द गर्न लगाउने । विगतमा नयाँ खाता खोलिएका बैंकमा रकम ट्रान्सफर भईसके पनि साविकको बैंकमा रहेका खाता बन्द भएको नदेखिएकोले बन्द भए नभएको कोष तथा लेखा नियन्त्रक कार्यालयले अनुगमन समेत गर्ने ।

५.स्थानीय तहहरुको ग समुहका खाताहरु रहेको बैंक परिवर्तन भएमा यसरी परिवर्तन भएको बैंकमा खोलिएको ग-१-२ राजश्व बाँडफाँडबाट प्राप्त हुने रकम जम्मा हुने खाताको विवरण कोष तथा लेखा नियन्त्रक कार्यालयले महालेखा नियन्त्रक कार्यालयलाई पठाउने । सो विवरण प्राप्त भएपछि महालेखा नियन्त्रक कार्यालयबाट सो खातामा राजश्व बाँडफाँडको रकम जम्मा गर्न पठाइने ।

६.स्थानीय तहहरुको ग समुहका खाताहरु रहेको बैंक परिवर्तन भई महालेखा नियन्त्रक कार्यालयलाई जानकारी प्राप्त नभएको अवस्थामा साविकमा संचालनमा रहेको बैंक खातामा रकम जम्मा हुन गई खाता बन्द भएको कारण रकम जम्मा नभई फिर्ता आउने हुदा बैङ्क खाता परिवर्तन गर्दा कोष तथा लेखा नियन्त्रक कार्यालयले महालेखा नियन्त्रक कार्यालयसँग समन्वय गरि साविकको बैङ्क खातामा महालेखा नियन्त्रक कार्यालयबाट पठाइएको राजश्व बाँडफाँडको रकम जम्मा हुन बाकि छ छैन यकिन गरेर मात्र नयाँ बैंकमा खाता संचालन गरिदिने ।

(कृष्णराज पौडेल)
लेखा अधिकृत

बोधार्थ
श्री संघिय मामिला तथा सामान्य प्रशासन मन्त्रालय
सिंहदरबारः-उक्त अनुसार हुन स्थानीय तहहरुलाई समेत पत्राचार गरिदिनुहुन ।